**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**वीरेन्द्रनगर, सुर्खेत**

**प्रमुख कार्यकारी अधिकृतले पेश गर्नुपर्ने व्यवसायिक योजनामा समावेश गर्नुपर्ने विषयहरु**

**व्यावसायिक कार्य योजना पेश गर्नुपर्ने :**

(१) व्यावसायिक कार्य योजना (Business Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिए बमोजिमको कार्यक्षेत्रगत शर्त (TOR) समेतका आधारमा निम्न बुँदाहरुसमेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।

(क) सहकारी क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य : अन्तर्राष्ट्रिय सहकारी परिदृश्य, नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले लिएको लक्ष्य तथा कार्यदिशा, नेपाल सहकारीको ऐतिहासिक पृष्ठभूमि, नेपालको विद्यमान सहकारी अवस्थाको विश्लेषण, संस्थाको विगत ५ बर्षको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषणका आधारमा देखिएका सबल एवम् दुर्वल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान, सहकारी क्षेत्रको बचत, ऋण, सम्पत्तिको गुणस्तर, सञ्चालन मुनाफा र खुद मुनाफामा संस्थाको स्थानको गहन विश्लेषण र उक्त स्थान अभिवृद्धि गर्ने समयसारिणी सहितको कार्य योजना (Action Plan) ।

(ख) व्यावसायिक कार्य योजना : संस्थाको संस्थागत सुशासन, Digitalization, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, Merger & Acquisition सम्बन्धी व्यवस्था र विश्लेषण, औद्योगिक सम्बन्ध, मानव संशाधन व्यवस्थापन तथा क्षमता विकास, Innovative Intervention, Institution Building, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको पहिचान तथा संस्थाको विगतको रणनीतिक योजना तथा रणनीतिक योजना (चार वर्षे) को अध्ययन तथा विश्लेषण एवम् समसामयिक सुधारगर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा तयार पारिएको समयसारिणी सहितको कार्य योजना (Action Plan) ।

(ग) प्रक्षेपित वित्तीय विवरण : प्रस्तावित कार्य योजनाका आधारमा आगामी ४ वर्षमा पुग्न सक्ने प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (Projected Financial Statement) ।

(घ) व्यावसायिक कार्य योजनाको पहिलो पृष्ठ अनुसूची ५ बमोजिम हुनुपर्नेछ ।

(२) तोकिएको शैक्षिक योग्यता र कार्य अनुभव भएका र व्यावसायिक कार्य योजना प्रस्तुतिका लागि छनोटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यावसायिक कार्य योजनाको प्रस्तुति समेत गर्नु पर्नेछ ।

(३) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, कार्यअनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् आवेदन साथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ ।

(४) व्यावसायिक कार्य योजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार पानुपर्नेछ । अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्य योजनाको मुल शीर्षक १६

प्वाईण्ट बोल्डमा, उपशीर्षक १४ प्वाईण्ट बोल्डमा र अन्तर्वस्तु (Text) १२ प्वाईण्ट नर्मलमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्य योजनाको मूल शीर्षक १८ प्वाईण्ट बोल्डमा, उपशीर्षक १६ प्वाईण्ट बोल्डमा र अन्तर्वस्तु (Text) १६ प्वाईण्ट नर्मलमा हुनुपर्नेछ ।

(५) व्यावसायिक कार्य योजनाको मूल शीर्षक (Main Text) पहिलो पृष्ठमा पृष्ठ १ (1) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनुपर्ने ।

(६) व्यावसायिक कार्य योजनाको अनुसूची सङ्लग्न पृष्ठहरुमा रोमन (i) देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनुपर्ने ।